का.जि.प्र.का.द.नं. १००/०५९/६०

१८ असार २०८०,
सोमबार
3 July 2023,
Monday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक १५८ । पृष्ठ १० | Madhyanha National Daily | www.madhyanhadaily.com

## मुसहर बस्तीको पीडा



> जमिनदारको त्रासले शव जलाउन अप्ठ्यारो भएको छ । चिहानको व्यवस्था गरियोस् हजुर ।
>
> **उर्मिला देवी**
> **महादेवा गाउँपालिका -४**
> **मनियार प्रसाही**

# ‘चिहान’ सधैं एजेण्डा तर सधैं धोका !

सप्तरीका अल्पसंख्यक मुसहर, चमार, खत्वे र डोम जातिका समस्या जटिल रहेको पाइएको छ । उनीहरु अझै गुणस्तरीय शिक्षा, चर्पी, खानेपानी, बाटोघाटो र चिहानजस्ता आधारभूत आवश्यकताकै लागि संघर्ष गरिरहेका छन् ।

**पिन्टु यादव/मध्यान्ह**
सप्तरी, १७ असार ।

शनिबार सप्तरीको तिरहुत गाउँपालिका-३ गोइठीस्थित अल्पसंख्यक समुदायसँग नेपाल प्रहरीको अन्तरक्रिया कार्यक्रम थियो । जहाँ अल्पसंख्यक (मुसहर, चमार, खत्वे र डोम) समुदायका मानिसहरुको उपस्थिति थियो ।

अन्तरक्रिया कार्यक्रममा महादेवा गाउँपालिका-४ मनियार प्रसाही बस्ने ५६ वर्षीया उर्मिला देवीले गुनासो गरिन्, ‘ससुरा बाको अन्तिम संस्कार रातिको समयमा लुकीछिपी गर्नुपऱ्यो । जमिनदारले पोखरी डिलमा दाहसंस्कार गर्न रोक लगाएपछि अहिले मुसहर बस्तीमा कोही मरे मुर्दा जलाउने ठाउँ छैन ।’

उनका अनुसार उनको टोलका कोही मुसहर जाति कसैको मृत्यु भए कहाँ जलाउने भनेर पुरै गाउँ नै चिन्तित् हुने अवस्था छ। उनी भन्छिन्, ‘जमिनदारको त्रासले शव जलाउन अप्ठ्यारो भएको छ । चिहानको व्यवस्था गरियोस् हजुर ।’ स्थानीयका अनुसार मुसहरको पृष्ठ २ मा

### सरकारी आश्वासन निरन्तर

प्रमुख जिल्ला अधिकारी थापाले स्थानीय तहले तोकिएको बमोजिमको अतिरिक्त शुल्क लिए त्यसको रसिद माग गर्न सुझाव दिए। उनले अतिरिक्त लाभ लिने कर्मचारीलाई कारबाही गरिने विश्वास दिलाए । दलित समुदायका लागि चिहानको व्यवस्था गर्न अत्यन्तै जरुरी रहेको उनले बताए । राष्ट्रिय भूमि आयोगकी सदस्य अनारदेवी चौधरीले स्थानीय सरकारले भूमिहीन, सुकुम्बासीको वास्तविक पृष्ठ २ मा

### परम्परागत चिहान जमिनदारको कब्जामा

परम्परागतरुपमा पुर्खाहरुले अन्तिम संस्कार ऐलानी पोखरीको डिलमा गर्ने व्यवस्था मिलाएका थिए । तर हाल उक्त डिल जमिनदारको कब्जामा छ । डिल अतिक्रमण भएकै कारण बस्ती नै अप्ठ्यारोमा पर्ने गरेको छ । यो समस्यासँग उक्त वडाका बलिया र प्रसाहीका दलितहरु जुधिरहेका छन्।

मनियार प्रसाहीकी उर्मिला आफ्नो ससुरा साहेब सदाको अन्तिम संस्कार गर्ने बेला जलाउन परेको अप्ठ्यारो स्मरण गर्दै भक्कानो छाडेर रोइन् । सोही गाउँमा बस्ने करिब पाँच सय मुसहर बस्तीमा यतिबेला एउटै चिन्ताले पिरोल्ने गर्छ-चिहान । त्यस्तै, बलियाका चमार, खत्वे र डोम बस्तीमा पनि कोही मरेपछि शव जलाउने ठाउँ छैन । उनीहरुको पृष्ठ २ मा

#### ललिता निवास जग्गा प्रकरण

# संघीय अभियानमा स्थानीय सरकारको समर्थन

सरकारी जग्गा हिनामिनाको विषयमा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोले अनुसन्धान गरिरहेका बेला आइतबार महानगर प्रहरीको टोली ललिता निवासमै पुगेर संघीय सरकारको अभियानलाई थप शसक्त बनाउने गरी भूमिका खेल्ने अर्थात तारबार लगाउने चेतावनी दिएको हो ।

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १७ असार ।

काठमाडौं महानगरपालिकाले ललितानिवासको जग्गामा तारबार लगाउने चेतावनी दिएको छ ।

सरकारी जग्गा कीर्ते गरेर हिनामिना गरेको पाइएको भन्दै उक्त स्थानका संरचना हटाएर महानगरले तारबार लगाउने भनेको हो । ललिता निवासको जग्गामा घेराबार गर्ने तयारीका लागि महानगर प्रहरी प्रमुख राजुनाथ पाण्डे नेतृत्वको टोली आईतबार दिउँसो बालुवाटार पुगेर अवलोकन समेत गरेको छ ।

जग्गा हिनामिनाको विषयमा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी)ले अनुसन्धान गरिरहेका बेला आइतबार महानगर प्रहरीको टोली ललितानिवासमै पुगेर संघीय सरकारको अभियानलाई थप शसक्त बनाउने गरी भूमिका खेल्ने अर्थात तारबार लगाउने चेतावनी दिएको हो ।

निवासभित्र रहेका नर्सरी, काठका सामानहरू, अस्थायी टहरा लगायत संरचनाहरू हटाउन महानगरले अल्टिमेटम पनि दिएको छ । नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले ललिता निवास जग्गा प्रकरणमा चार जनालाई पक्राउ गरिसकेको छ। जसमाभाटभटेनी सुपरमार्केटका सञ्चालक मीनबहादुर गुरूङ, निर्वाचन आयोगका पूर्वआयुक्त सुधीरकुमार शाह, मालपोत कार्यालय डिल्लीबजारका पूर्वप्रमुख धर्मप्रसाद गौतम र पूर्वकर्मचारी गोपाल कार्की रहेका छन् ।

‘नेपाल सरकारको जग्गा व्यक्तिको नाममा लिएर आएको छ । त्यसले गर्दा गलत कागजात खडा गरेको हुँदा किर्ते गरेको देखिन्छ। अनुसन्धानको पृष्ठ २ मा

### जग्गा हिनामिनामा दोषी नभएको उच्चपदस्थको दाबी

वालुवाटार जग्गा प्रकरणमा हिनामिना भएको विषय बाहिर आएको वर्षौ भइसक्दा पनि सरकारले यो विषयमा चुस्त छानबिन गर्न सकेको थिएन। उक्त प्रकरणमा पूर्वप्रधानमन्त्री, मन्त्री, सचिव र विभिन्न उच्चस्तरीय व्यक्तिको नाम पनि मुछिएपछि छानबिन प्रकरणमा ढिलासुस्ती भएको थियो ।

तर, काठमाडौंका मेयर बालेन शाहले ललितानिवासका सबै संरचना हटाउन अल्टिमेटम दिएपछि भने सरकारलाई छानबिनको दबाव बढेको छ। यद्यपि, पूर्वप्रधानमन्त्रीहरु माधव कुमार नेपाल र डा. बावुराम भट्टराईले भने उक्त प्रकरणमा आफू दोषी नभएको दाबी पनि गरिसकेका छन् ।

‘राज्यको समरजंग कम्पनीको नाममा दर्ता भएको करिब तीन रोपनी जग्गा गुठीको भन्ने भएकाले वास्तविक तथ्यप्रमाण अभिलेख जाँचबुझ गरी नियम अनुसार गर्ने वा यस्तै आशयको नीतिगत निर्णय भएजस्तो लाग्छ ।

‘यो कुरा मैले अख्तियारको टोलीले केही वर्ष पहिले लिएको बयानमा पनि भनेको छु। तत्कालीन प्रमको हैसियतले मसँग जोडिएको कुरा यत्ति हो’ पूर्वप्रधानमन्त्री भट्टराईले सामाजिक सञ्जालमा लेखेका छन् । पृष्ठ २ मा

# राप्रपाको हातमा कोशीको भविष्य

मुख्यमन्त्री कार्की पदमुक्त भएपछि राप्रपाले उपयुक्त प्रस्ताव आएमा गठबन्धन दलहरुसँग सहकार्य गर्न सकिने बताएको छ । यसकारण राप्रपाले जे निर्णय गर्छ त्यस आधारमा कोशी प्रदेश सरकार बन्ने वा नबन्ने, कोशी प्रदेश मध्यावधि चुनावमा जाने वा नजाने निर्क्योल हुनेछ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १७ असार ।

कोशी प्रदेशका प्रदेश प्रमुख परशुराम खापुङले ५ दिन समय दिएर नयाँ सरकार गठनको आह्वान गरेका छन् । यो सँगै राजनीतिक दलहरुले सर्वदलीय सरकार बनाउने कसरत सुरु गरेका छन् ।

तर, संविधानको धारा १६८ (२) अनुसार दुई वा दुईभन्दा बढी दलको समर्थनमा मिलीजुली सरकार गठनका लागि आह्वान भएको छ ।

अब दलहरुले २१ असारसम्म




प्रदेशसभाका बहुमत सदस्यको समर्थनमा मुख्यमन्त्री प्रस्ताव गर्नुपर्नेछ। यसका लागि अधिकतम प्रयास गर्ने नभए सर्वदलीय सरकार बनाउने दलहरुको प्रयास छ । शुक्रबार एमाले नेता हिक्मतकुमार कार्की प्रदेशसभाबाट विश्वासको मत नपाएपछि पदमुक्त भएका थिए ।

प्रदेशसभाको अंकगणितका कारण कुनै पनि दललाई बहुमत पुर्याउन सहज छैन । ९३ सदस्यीय प्रदेशसभामा बहुमतका लागि ४७ मत आवश्यक पर्छ। गठबन्धनमा रहेको कांग्रेसको २९, माओवादी पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

### संघले मनायो ३१औं स्थापना दिवस

# व्यवसायीलाई सित्तैमा कामदार पठाउनुपर्छ भन्न पाईंदैन : मन्त्री भण्डारी

**मध्यान्ह संवाददाता**
काठमाडौं, १७ असार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारीले मर्यादित वैदेशिक रोजगारका लागि व्यवसायी प्रतिबद्ध हुनुपर्ने बताएका छन्। नेपाल वैदेशिक रोजगार व्यवसायी संघको ३१औं स्थापना दिवसको अवसरमा आइतबार आयोजित कार्यक्रममा मन्तव्य राख्दै मन्त्री भण्डारीले उक्त धारणा राखेका हुन् ।




ओमानको राजधानी मस्कटमा आयोजित गैर आवासीय नेपाली संघ (एनआरएनए)को मध्यपूर्व क्षेत्रीय परिषद्को तीनदिने सम्मेलनमा भाग लिएर मन्त्री भण्डारी आइतबार मात्रै स्वदेश फर्किका थिए। मन्त्री भण्डारीले उक्त सम्मेलनले ‘अनिवार्य सामाजिक सुरक्षा र सम्मानित वैदेशिक रोजगार रेमिट्यान्सको सही लगानी राष्ट्र निर्माणको आधार’ भन्ने मूल नारा तय गरेको र त्यसमा घनिभूत छलफल भएकाले वैदेशिक रोजगारमा रहेका अनियमितता अन्त्य पृष्ठ २ मा

### रिभर धेरै कामदार पठाउने सूचीको पहिलो नम्बरमा

काठमाडौं/मस- वैदेशिक रोजगार विभागले हालसम्म सय जनाभन्दा बढी कामदार पठाएका म्यानपावर कम्पनीको नाम सार्वजनिक गरेको छ। विभागले चालु आर्थिक वर्ष २०७९/८० को हालसम्म रोजगारीका लागि विदेश कामदार पठाउने म्यानपावर कम्पनीको विवरण सार्वजनिक गरेको हो ।

विभागले यसअघि असार मसान्तसम्मको विवरण साउनको पहिलो हप्ता सार्वजनिक गर्ने गरेकोमा यसपटक आर्थिक वर्ष समाप्त हुन करिब दुई हप्ताको समय पृष्ठ २ मा


## जरुरी सूचना

**आदरणीय व्यवसायीज्यूहरु,**

प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च, नेपालले व्यवसाय प्रवर्द्धनका लागि आगामी August 15 – 30 सम्म युरोपका विभिन्न श्रम गन्तव्य मुलुकहरूमा भ्रमण गर्न गइरहेको सहर्ष जानकारी गराउँदै यस भ्रमणमा सहभागी हुन इच्छुक व्यवसायी मित्रहरुलाई २०८० असार २४ भित्रमा निम्नानुसारको चेकलिस्टबमोजिम डकुमेन्टहरु यस संस्थाको इमेल pffean2071@gmail.com वा सिधै मञ्चको कार्यालयमा उपलब्ध गराइदिनुहुन हार्दिक अनुरोध गर्दछौं ।

**भिसा चेकलिस्ट**

१. सक्कल राहदानी (यदि तपाईंसँग पुरानो राहदानी छ भने पनि पेश गर्नुपर्ने छ ।)
२. सेतो पृष्ठभूमिसँगको MRP फोटो ३५x३५ MM
३. कम्पनी दर्ता प्रमाणपत्र
४. PAN/VAT प्रमाणपत्र
५. कर चुक्ता प्रमाणपत्र आ.व. २०७७/०७८ र २०७८/०७९
६. कम्पनी लेटरहेड
७. पछिल्लो ६ महिनाको व्यक्तिगत बैंक स्टेटमेन्ट

| सम्पर्क व्यक्तिहरु | सम्पर्क नम्बर |
|---|---|
| १. जनक रावल | ९८४१५१७६६५ |
| २. डिक बहादुर खत्री (कुमार) | ९८५१०६३९३१ |
| ३. दलबीर भण्डारी | ९८५११८०१८२ |
| ४. मिलन कट्टेल | ९८५१०२१७५६ |
| ५. सरिता घले | ९८४१३७८६०४ |
| ६. दिपक आचार्य | ९८५११४४१८५ |
| ७. शिवहरी मैनाली (शितल) | ९८५१००३८२१ |
| ८. राजेन्द्र अधिकारी | ९८५१२२८९४६ |
| ९. मदन पौडेल | ९८५१००२१०७ |
| १०. सुशील केसी | ९८५१०८५५२६ |
| ११. राजेन्द्र पराजुली | ९८५१३४१२८५ |

**जनक रावल**
अध्यक्ष

प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मंच नेपाल
Progressive Forum of Foreign Employment Agencies Nepal
Pingasthan, Kathmandu, Nepal ☎ +977-1-4464301/4464726 pffean2071@gmail.com www.pffean.com.np

मध्यान्ह
www.madhyanhadaily.com
१८ असार २०८०, सोमबार
3 July 2023, Monday

# 'पत्रकारले तोकेअनुसारको पारिश्रमिक पाउनुपर्छ'



**काठमाडौं/मस-** सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले श्रमजीवी पत्रकारले तोकेअनुसारको पारिश्रमिक पाउने विषय आधारभूत विषय भएको बताएकी छन्।

न्यूनतम पारिश्रमिक निर्धारण समितिले आइतबार आयोजना गरेको श्रमजीवी पत्रकार ऐन कार्यान्वयनका सम्बन्धमा सरोकारवालाबीचको अन्तरक्रियामा उनले जोसुकै श्रमजीवीले सरकारले तोकेको न्यूनतम ज्याला पाउनुपर्ने सम्बन्धित व्यक्तिको हक भएको स्पष्ट पारिन्।

मन्त्री शर्माले समितिले समायानुकूल बनाएर सिफारिस गरेको पारिश्रमिकसम्बन्धी प्रतिवेदन कार्यान्वयनका लागि छलफलमा भइरहेको जानकारी गराइन्। श्रमजीवीलाई पारिश्रमिक प्रदान गर्नुपर्ने निकायको पनि यस प्रक्रियामा संलग्नता भए कार्यान्वयनमा सहज हुने उनको धारणा थियो।

उनले मन्त्रालयले सञ्चारसम्बन्धी आवश्यक कानुन निर्माण लागि प्रक्रिया अघि बढाइसकेको बताउँदै छलफलमा उठेका विषय र सुझावलाई कार्यान्वयनका लागि आत्मसाथ गर्ने प्रतिबद्धता व्यक्त गरिन्। उनले निजी क्षेत्रमा पारिश्रमिक दिने विषयमा पारदर्शीता नभएको गुनासो आउने गरेको अवगत गराइन्।

कार्यक्रममा प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले पत्रकारिता क्षेत्रमा नियुक्ति र तलब अनिवार्य गरी कार्यान्वयन नगर्नेलाई कारबाही हुनुपर्ने धारणा व्यक्त गरे। नेपाल पत्रकार महासंघका अध्यक्ष विपुल पोखरेलले पत्रकारितामा पनि श्रम हुन्छ र श्रमले मूल्य खोज्छ भन्ने विषय बुझ्ने हो भने श्रमजीवी पत्रकार ऐन कार्यान्वयन गर्न सहज हुने बताए।

समितिका अध्यक्ष संगीता खड्काले श्रमजीवी पत्रकार ऐनमा भएका प्रावधान, कार्यान्वयनमा देखिएका चुनौती र समाधानका उपाय सम्बन्ध तथा महासंघका पूर्वअध्यक्ष डा.महेन्द्र विष्टले मिडियाका श्रम समस्या, विद्यमान अवस्था र सुधारका क्षेत्र विषयको प्रस्तुति दिएका थिए।

कार्यक्रममा विज्ञापन बोर्डका अध्यक्ष लक्ष्मण हुँमागाईं, वरिष्ठ पत्रकार बबिता बस्नेत, मिडिया सोसाइटी नेपालका अध्यक्ष शुभशंकर कँडेल, समाजवादी प्रेस संगठन नेपालका अध्यक्ष विश्वमणि सुवेदी, नेपाल प्रेस युनियनका उपाध्यक्ष नकुल अर्याल, प्रेस चौतारी नेपालका महासचिव हीरामान लामा र प्रेस सेन्टर नेपालका महासचिव सन्तोष पौडेलले श्रमजीवी पत्रकार ऐन कार्यान्वयन सम्बन्धमा विभिन्न सुझाव दिएका थिए।

# विद्यालयस्तरमा स्काउटको भूमिका महत्वपूर्ण




**रेशम अधिकारी/मध्यान्ह**
रुपन्देही, १७ असार

स्थानीय स्काउट देवदहको आयोजनामा एकहप्ते स्काउट तालिम सम्पन्न भएको छ। तालिममा सामुदायिक तथा निजी विद्यालयका २० जना प्रशिक्षार्थीको सहभागिता रहेको थियो। समापन कार्यक्रममा बोल्दै नगर प्रमुख ध्रुव प्रसाद खरेलले स्काउट तालिमले विद्यार्थीलाई अनुशासनमा कायम राख्न उल्लेखनीय सहयोग पुग्ने विश्वास व्यक्त गरे।

प्रमुख अतिथि समेत रहेका खरेलले तालिम पश्चात् अनुशासित र मर्यादित समाज निर्माणका लागि सकारात्मक भूमिका रहने उल्लेख गरे।

नगर प्रमुख खरेलले स्काउटले सामाजिक रुपमा परिवर्तन गर्ने नेतृत्वदायी भूमिका सृजना गर्ने हुँदा विद्यालय स्तरमा स्काउटको भूमिका अहम हुने बताए।

सोही कार्यक्रममा नगर प्रमुख ध्रुव प्रसाद खरेल, उपप्रमुख विद्या लक्ष्मी गुरुङ र नगर शिक्षा अधिकारी टिकाराम शर्मालाई नेपाल स्काउटको विधान अनुरुप दीक्षित समेत गरिएको थियो। नेपाल स्काउटका लुम्बिनी प्रदेश संयोजक दिनानाथ भट्टराई, कोर्ष लिडर दावा शेर्पा लगायतले आ-आफ्नो भनाइ राखेका थिए।

उक्त तालिममा कोर्ष लिडरका रुपमा कोर्ष लिडर दावा शेर्पा र काउन्सिलरहरु छबिलाल कँडेल, बिक्की डुम्रे, पुकार ढकाल रहेका थिए। स्थानीय स्काउट देवदह नगरपालिकाको संयोजक विकास गहतराजको अध्यक्षता भएको समापन कार्यक्रमको सञ्चालन राहुल देव सापकोटाले गरेका थिए।

## "चिहान"...

आफ्नै खेत नहुँदा कोही मरेपछि दाहसंस्कार गर्न जग्गाको अभाव छ। नेताहरुले चुनावमा चिहानको प्रलोभनमा पटक-पटक भोट मागे। चिहानको आशमा उनीहरुले भोट पनि दिए। तर प्रत्येक पटक धोका पाए। चिहानका लागि जग्गा नभेटिएको एउटै गुनासो मुसहर बस्तीको छ। उनीहरुको एउटै माग छ, 'हाम्रा लागि चिहानको व्यवस्था गरियोस् हजुर।'

यस्तै समस्याले सप्तरीको महादेवा गाउँपालिका वडा नं ४ मनियार प्रसाही र बलिया गाउँका दलितहरू चिन्तित छन्। कोही दलितको देहावसान भएपछि मुख्य चिन्ता चिहानकै हुने गर्छ। शव जलाउने ठाउँ भेटिँदैन। दलितको चिहानका निम्ति स्थानीय सरकार र प्रदेश सरकारलाई पटक-पटक गुहारे पनि समस्या समाधान हुने स्थिति नदेखिएको उनीहरुको गुनासो छ।

## सरकारी...

लगत संकलन गर्न नसकेको बताइन्। स्थानीय तहले भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासी दलितको सुरक्षित आवास, बाटोघाटो र भूमि व्यवस्था गर्न पहल गर्नुपर्ने उनले बताइन्। तिरहुत गाउँपालिकाले समेत भूमिहीन, सुकुम्बासी र अव्यवस्थित बसोबासीका समस्या समाधान गर्न आयोगसँग सम्झौता गर्नुपर्ने उनको भनाइ थियो।

तिरहुत गाउँपालिका अध्यक्ष विजयकुमार यादवले यथाशीघ्र समस्या समाधान हुने बताए। उनले छिट्टै तिरहुतमा सुरक्षित आवासको कार्यक्रम ल्याउने र दलित बस्तीको बाटोघाटोको समस्या समाधान गरिने बताए।

कार्यक्रममा तिरहुतका अध्यक्ष विजय यादव, उपाध्यक्ष बिनादेवी यादव, प्रमुख जिल्ला अधिकारी थापा, जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक नरेन्द्र कुमार कार्की, इलाका प्रहरी कार्यालय कञ्चनपुरका प्रमुख नायब प्रहरी उपरीक्षक दिपक राई, तिरहुत-४ का वडाध्यक्ष बलराम यादवलगायत उपस्थित थिए।

## परम्परागत...

समस्या समाधान गर्ने कोही छैन।

अन्तरक्रिया कार्यक्रममा अल्पसंख्यकको समस्या समाधानको उपायका निमित्त उपस्थित भएका जिल्ला प्रशासन कार्यालय सप्तरीका प्रमुख जिल्ला अधिकारी भुपेन्द्र थापासँग अल्पसंख्यक दलितहरुले खुलेरै समस्या राखेका थिए। तिरहुत गाउँपालिका-३ गोइठी बस्ने ६५ वर्षीया सरिता देवी सदाले दलितहरु अझै चर्पी र बाटोघाटोको समस्यासँग जुझिरहेको बताइन्। उनले जमिनदार हरुले आफ्नो खेतीपातीका निमित्त बसाएको दलित बस्ती अहिलेसम्म बाटोको अभावमा बाँच्नु परेको गुनासो गरिन्। उनले दलितहरु २१औं शताब्दीमा समेत आवासविहीन भइरहेको अवस्थामा तीनै तहका सरकार बजेट पचाउन मात्रै योजना ल्याइरहेको गुनासो गरिन्।

यसैगरी तिरहुत गाउँपालिका-४ डिमन चमार बस्तीको वर्षौंदेखिको समस्या हो- बाटोघाटो। सोही ठाँउ बस्ने शान्ति देवी रामले प्रजिअ थापासँग बाटो बनाउन पहल गर्नुपर्ने बताइन्। उनले चमार बस्तीलाई मुख्य सडकसम्म जाने बाटो नै नभएको दुःख व्यक्त गरिन्। पटक-पटक बाटो बनाउन बजेट आएपनि जमिनवालाले जग्गा छोड्न नमानेपछि अप्ठ्यारोमा परेको उनले गुनासो गरिन्। गाउँका कोही दलित व्यक्तिले बाटो माग गरे जमिनदारले अपमानजनक शब्द प्रयोग गरी गालिगलौज गर्ने गरेको उनले आरोप लगाइन्।

यस्तै तिरहुत-३ कै रामबृक्ष सदाले दलितहरुले सरकारी कार्यालयबाट सेवा लिँदा अतिरिक्त शुल्क बुझाउनुपरेको आरोप लगाए। उनले वडाका सचिव हुन् अथवा अन्य कुनै कार्यालयका कर्मचारी उनीहरुले दलितबाट अतिरिक्त शुल्क असुल्ने गरेको बताए।

## ललिता...

क्रममा थप केही आयो भने त्यसलाई अन्यत्र पनि लैजान्छौं,' सीआइबी प्रमुख किरण बज्राचार्यले भनिन्। उक्त प्रकरणमा प्रहरीले गरेको छानबिनका आधारमा मुद्दा नचलाउन सरकारले नै दबाव दिएपछि कामकारबाही रोकिएको थियो।

## जग्गा...

उनले आफ्नो कार्यकालमा गलत निर्णय भएको पुष्टि भए सजाय भोग्ने दाबी पनि गरेका हुन्। ललिता निवासको जग्गा व्यक्तिका नाममा दर्ता गर्ने क्रममा मन्त्रिपरिषद्बाट नै पटक पटक निर्णय भएपछि धेरै उच्चपदस्थ व्यक्तिहरु अनुसन्धानको घेरामा देखिएका हुन्। तर, राजनीतिक दबावका कारण पटकपटक अनुसन्धान रोकिँदै आएपनि महानगरको आक्रामक शैलीले भने सरकारलाई नै चुनौती थपिदिएको छ।

### थप तीन जना पक्राउ

बालुवाटारको ललिता निवास जग्गा प्रकरणमा थप तीन जना पक्राउ परेका छन्।

सिआइबीले आइतबार काठमाडौं महानगर वडा नम्बर ५ का तत्कालीन वडासचिव शिवजी भट्टराई, नक्कली मोही बाबुराजा महर्जन र तत्कालीन नापी कार्यालयमा रहेका घमानकुमार कार्की पक्राउ गरेको हो।

यसअघि सिआइबीले चार जनालाई पक्राउ गरिसकेको छ। भाटभटेनी सुपरमार्केटका सञ्चालक मीनबहादुर गुरुङ, निर्वाचन आयोगका पूर्वआयुक्त सुधीर कुमार शाह, मालपोत कार्यालय डिल्लीबजारका पूर्वप्रमुख धर्मप्रसाद गौतम र पूर्वकर्मचारी गोपाल कार्की अहिले प्रहरी हिरासतमा छन्।

सिआइबीले लामो अनुसन्धान सकेर २०७८ साल पुसमै सरकारी वकिलको कार्यालय काठमाडौंमा अनुसन्धान प्रतिवेदन बुझाएको थियो। तर सरकारी वकिल कार्यालयले थप अनुसन्धान गर्नू भनेर पुस २२ गते प्रतिवेदन फिर्ता पठाएको थियो। प्रतिवेदन फिर्ता पठाएपछि सिआइबीले पुनः अनुसन्धान गरी यसमा संलग्नहरूलाई पक्राउ गर्न थालेको हो। अहिले पक्राउ पर्नेको संख्या ७ छ।

सिआइबीले ललिता निवासको १४३ रोपनी जग्गा हडपेको निष्कर्श निकालेको छ। प्रहरीले सरकारी जग्गा कीर्ते कसुरमा अनुसन्धान गरिरहेको छ।

## राप्रपाको...

केन्द्रको १२, नेकपा एकीकृत समाजवादीको ४ र जनता समाजवादी पार्टीको १ गरी ४६ मत पुग्छ। ४० सिटको नेकपा एमाले र ६ सिटको राप्रपा एक ठाउँमा छन्। दुई दलसँग पनि ४६ मत नै छ।

मुख्यमन्त्री कार्की पदमुक्त भएपछि राप्रपाले उपयुक्त प्रस्ताव आएमा गठबन्धन दलहरुसँग सहकार्य गर्न सकिने बताएको छ। यसकारण राप्रपाले जे निर्णय गर्छ त्यस आधारमा कोशी प्रदेश सरकार बन्ने वा नबन्ने, कोशी प्रदेश मध्यावधि चुनावमा जाने वा नजाने निर्क्योल हुनेछ।

### कांग्रेस र माओवादी नेताहरु केन्द्रमा

कोशी प्रदेशका नेपाली कांग्रेससहित विपक्षी गठबन्धनका नेताहरु नयाँ सरकार गठनबारे छलफल गर्न काठमाडौं केन्द्रित भएका छन्।

नेपाली कांग्रेस, माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी र जसपा सम्मिलित गठबन्धनमा कांग्रेस र माओवादीबीच सरकारको नेतृत्व पहिले कसले गर्ने भन्ने विवाद छ। विवाद समाधानका लागि उनीहरुले केन्द्रको निर्णय खोजेका छन्।

माओवादी केन्द्र संसदीय दलका नेता इन्द्रबहादुर आङ्बो र कांग्रेस संसदीय दलका नेता उद्धव थापा पहिलो पालोमै मुख्यमन्त्री बन्ने योजनामा छन्। त्यसका लागि केन्द्रमा आफ्नो पार्टीका शीर्ष नेतृत्वलाई आफ्नो पक्षमा माहोल बनाइदिन आग्रह गर्न उनीहरु काठमाडौं आएका हुन्। कोशीका नेताहरुले आ-आफ्नो तर्फबाट नेतृत्वको दाबी गरेपनि गठबन्धनको शीर्ष नेतृत्वले यसबारे निर्णय गरेको छैन।

### सर्वदलीय सरकार बनाउन तयार : एमाले

कोशी प्रदेशमा सर्वदलीय सरकार बनाउन एमाले तयार भएको छ। कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्की सर्वदलीय सरकारका विषयमा छलफल गर्न तयार रहेको बताउँछन्। तर, सर्वदलीय सरकार बनाउँदा पहिले ठूलो दलको हैसियतमा एमालेले सरकारको नेतृत्व गर्न पाउनुपर्ने एमालेको अडान छ।

शुक्रबार कोशी प्रदेशसभामा विश्वासको मत नपाएपछि कार्की पदमुक्त भएका छन् र हाल कामचलाउ हैसियतमा छन्। उनी पदमुक्त भए पनि प्रदेश प्रमुख परशुराम खापुङले नयाँ सरकार गठनका लागि आह्वान गरिसकेका छन्।

## संघले ...

गर्ने योजनासाथ काम हुनुपर्ने बताए। मन्त्री भण्डारीले मस्कट घोषणापत्र समेटेर सुधार गर्नुपर्ने बाध्यता रहेकाले मर्यादित वैदेशिक रोजगारका लागि व्यवसायीलाई इमानदार हुन आग्रह गरे। उनले भने, 'व्यवसायी इमानदार हुनैपर्छ, प्राप्त सुविधाको दुरुपयोग गर्ने छुट व्यवसायीलाई छैन। संसारमा कामको कमी छैन, अस्वस्थ प्रतिस्पर्धा गर्नुपर्ने अवस्था छैन। तपाईंहरूले आफ्नो व्यवसाय चलाउँदा गरिबको चुलो ननिभोस् भन्नेमा ध्यान दिनु होला।'

उनले भने, 'ओमानमा धेरै विषयमा छलफल भएको छ, कामदारका विषयमा धेरै छलफल भएका छन्, संघलाई शुभकामना दिन नै रातारात आएको छु। प्रधानमन्त्रीले हामीलाई भन्नुभएको छ- मजाक गर्ने समय छैन। परिवर्तनको अनुभूति हुने गरी काम हुनुपर्ने छ। यसमा तपाईंहरूको पनि जिम्मेवारी छ। इथिकल वैदेशिक रोजगारी गर्ने कसम खानुहोस्। इथिकल गरेपछि मातृभूमिको पनि सही मानेमा सेवा हुनेछ।'

मन्त्री भण्डारीले मुलुकको अर्थतन्त्रको सन्दर्भमा वैदेशिक रोजगार व्यवसायीको महत्वपूर्ण भूमिका रहेकोमा आफू पूर्णरूपमा जानकार रहेकाले सुधारका लागि मन्त्रालयले कार्यदलका माध्यमबाट काम गरिरहेको बताए। उनले भने, 'सरकारले दक्षिण कोरिया र इजरायल पठाउँदा रकम उठाउने, तर व्यवसायीलाई सित्तैमा पठाउनुपर्छ भन्न पाइँदैन।'

मन्त्री भण्डारीले महिला कामदारको श्रम स्वीकृति रोक्नेदेखि फ्रि भिसा फ्रि टिकटको निर्णय र वार्षिक सय जना कामदार अनिवार्य पठाउनुपर्नेलगायतका विगतमा मन्त्रालबाट गरिएका नीतिगत निर्णय र कानूनी व्यवस्थाको कुनै आधार आफूले नदेखेको भन्दै पटक-पटक प्रश्न उठाए। उनले भने, 'फ्रि भिसा भनियो १० हजार लिने भनियो, ५ हजार वा १५ हजार किन भनिएन, वार्षिक सय जना पठाउनुपर्ने व्यवस्थाको आधार के हो ? सरकारले पठाउने इजरायल र दक्षिण कोरियाका लागि रकम उठाउने, व्यवसायीले पठाउने खाडी र मलेसियामा फ्रिमा पठाउनुपर्ने यो कसरी जायज छ ? १० हजार सनक जस्तो छ, यसको बारेमा सर्वपक्षीय छलफल गरी सबैलाई स्वीकार हुने गरी उपयुक्त समयमा नयाँ निर्णय लिनुपर्छ।'

मन्त्री भण्डारीले संख्या सय अनुचित भएकाले परिवर्तनका लागि निर्णय गरेर विधेयक गएको बताउँदै सरकारले सय आवश्यकता छैन भनेर पठाइसकेकाले व्यवसायी त्रसित हुनुनपर्ने बताए।

मन्त्री भण्डारीले वैदेशिक रोजगारमा कामदार पठाउने जिम्मेवारी व्यवसायीको मात्रै भएकोले आफू सधैं व्यवसायीका पक्षमा उभिने पनि बताए। उनले भने, 'सरकारले वैदेशिक रोजगारमा कामदार पठाउने भए ऐजेन्सी खडा गर्नुपर्छ, सरकार आफैंले कामदार पठाउनु हुँदैन। म ढोंगी कुरामा विश्वास गर्दिनँ। घाँस उखेलेर रकम खर्च गर्ने प्रधानमन्त्री रोजगार कार्यक्रम परिमार्जन गरिने छ।'

कार्यक्रममा संघका पूर्वअध्यक्ष तथा प्रतिनिधि सभा सदस्य एलपी साँवा लिम्बूले वैदेशिक रोजगारले नेपालीको आयु बढाएको, कुपोषण अन्त्य गरेको, गुणस्तरीय शिक्षामा योगदान दिएको जस्ता अनगिन्ती उपलब्धि हासिल गरेकाले व्यवसायीले सकारात्मक उपलब्धिलाई आधार बनाएर रहेका कमीकमजोरी सुधार गर्दै एकताबद्ध भएर अघि बढ्नुपर्ने बताए। मन्त्रालयका सचिव केवलप्रसाद भण्डारीले वैदेशिक रोजगार क्षेत्र सुधार हुनुपर्नेमा जोड दिए।

वैदेशिक रोजगार विभागका महानिर्देशक मदन दाहालले सुरक्षित, व्यवस्थित र मर्यादित वैदेशिक रोजगार भनिने भएपनि आफू त्यसलाई परिवर्तन गरी मर्यादित, व्यवस्थित र सुरक्षित वैदेशिक रोजगारको मान्यतामा काम गर्ने सोचमा रहेको बताए। केही व्यवसायीले व्यक्तिगत भिसामा युरोपेली मुलुकमा कामदार पठाउने गरेको सूचना आएको भन्दै त्यस्तो प्रवृत्तिलाई कारबाहीको दायरामा ल्याइने बताए। साउन १ गतेदेखि अटोमेसनका आधारमा श्रम स्वीकृति प्रदान गर्ने तयारीमा रहेको भन्दै महानिर्देशक दाहालले त्यसमा बेइमानीका नियतले काम गरे लाइसेन्स जानेसम्मको कारबाही गरिने चेतावनी दिए। उनले खाडी मुलुकमा घरेलु कामदारको अवस्था दयनीय देखिएकाले हतारमा निर्णय गर्नु उचित नहुने बताए।

वैदेशिक रोजगार बोर्डका कार्यकारी निर्देशक डा. द्वारिका उप्रेतीले कामदारको सुरक्षा र चेतना अभिवृद्धिमा ध्यान दिन आग्रह गरे। नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष अन्जन श्रेष्ठ तथा महासंघ बस्तुगत संघका उपाध्यक्ष हेमराज ढकालले संघले उठाएका मागप्रति महासंघको ऐक्यबद्धता रहेको भन्दै माग पूरा गर्न सरकारसँग आग्रह गरे।

कार्यक्रममा संघका पूर्वअध्यक्षहरू तथा संघलाई आर्थिक सहयोग गर्ने विभिन्न व्यवसायीहरूलाई सम्मान गरिएको थियो। कार्यक्रममा संघका पूर्वअध्यक्षहरू निर्मल गुरुङ, भरतसिं थापा, ताराप्रसाद भट्टराई, एलपी साँवा लिम्बू, तिलकबहादुर रानाभाट, प्रेमबहादुर कटुवाल, बलबहादुर तामाङ उपस्थित रहेका थिए भने पूर्वअध्यक्षहरु पुष्प लाल महर्जन, प्रेमबहादुर गुरुङ, दानबहादुर तामाङ, दिलप्रसाद पोखरेल, हंसराज वाग्ले, विमलप्रसाद ढकाल तथा रोहन गुरुङ अनुपस्थित थिए। संघका कानूनी सल्लाहकार वरिष्ठ अधिवक्ता शम्भुप्रसाद निरौला र अधिवक्ता देवराज कटुवाललाई पनि संघले सम्मान गरेको थियो।

कार्यक्रममा वैदेशिक रोजगार महाशाखा प्रमुख सहसचिव राजिव पोखरेल, वैदेशिक रोजगार काठमाडौं कार्यालय ताहाचलका कार्यालय प्रमुख पार्वती अर्याल, संघका सल्लाहकारहरु रघुनाथ पुरी, पदमराज पौडेल, सुवर्ण श्रेष्ठ, नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनका अध्यक्ष कुमुद खनाल, प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालका अध्यक्ष जनक रावल, समाजवादी वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष अख्तर हुसैन, नेपाल वैदेशिक रोजगार महिला व्यवसायी संघका अध्यक्ष सिता देवकोटा, वैदेशिक रोजगार व्यवसायी नेवाः समाजका अध्यक्ष किशान प्रधान, वैदेशिक रोजगार धौलाश्री समाजका अध्यक्ष त्रिलोक चन्द विश्वास, नेपाल वैदेशिक रोजगार व्यवसायी तमु धिः का अध्यक्ष तिर्थबहादुर गुरुङ, नेपाल वैदेशिक रोजगार व्यवसायी विश्वकर्मा समाजका अध्यक्ष अमृत विश्वकर्मा, वैदेशिक रोजगार तामाङ व्यवसायी समाजका अध्यक्ष शुक्र पाखिनलगायतको उपस्थिति रहेको थियो।

कार्यक्रममा स्वागत मन्तव्य राख्दै संघका प्रथम उपाध्यक्ष खत्रीले इजाजत नवीकरणसँग जोडिएको संख्या सयले व्यवसायीलाई अत्यन्तै अप्ठ्यारो पारेको बताए। उनले सरकारले म्यानपावर कम्पनीको संख्या घटाउन नवीकरणका लागि सय संख्या राखेपनि अनियन्त्रितरूपमा म्यानपावर कम्पनीको लाइसेन्स बाँडेर आफ्नै नीतिको विपरीत गएको र त्यसले बाध्यकारी श्रम 'फोर्स लेवर'को अवधारणालाई बढवा दिएकाले सरकारले व्यवसायीलाई जवाफ दिनुपर्ने माग गरे।

त्यसैगरी नेपाली दूतावासहरूबाट अनिवार्य मागपत्र प्रमाणीकरणको व्यवस्थाले समस्या सिर्जना गरेको र त्यसले गैर व्यवसायीले कामदार पठाउने अवस्था सिर्जना भएको भन्दै उनले मागपत्र प्रमाणित समस्या समाधान नभए इराक घटना दोहरिने खतरा रहेको बताए। उनले त्यसमा पनि व्यवसायीले सरकारका तर्फबाट जवाफ चाहेको बताए।

घरेलु कामदार समस्या बन्द गर्दा झन भयावह भएको भन्दै उनले जुन देशमा रोकियो त्यही देशमा धेरै घरेलु कामदार गएको अवस्था देखिएकाले वैदेशिक रोजगार व्यवसायी संस्थालाई जिम्मेवार बनाएर नीति निर्माण भए समस्याको समाधान हुने संघको मान्यता रहेको उल्लेख गरे।

संघले सामाजिक उत्तरदायित्व अन्तर्गत संकलित रकम निवर्तमान अध्यक्ष स्व. विष्णुप्रसाद गैरेकी श्रीमती लक्ष्मी गैरे, मार्भलस इम्प्लोइमेन्ट प्रा.लि.का सञ्चालक स्व. रेन्जी राईकी श्रीमती इन्द्र सुदा राई, राजधानी इन्टरनेसनल प्रा.लि.का सञ्चालक स्व. धनबहादुर खड्काकी श्रीमती धनसरा देवी खड्का, प्राइम एच.आर प्रा.लि.का सञ्चालक स्व. टलबहादुर पौडेलकी श्रीमती तारा तामाङ र फोर स्टार ओभरसिज प्रा.लि.का सञ्चालक स्व. सिताराम विष्टकी श्रीमती दिलमाया श्रेष्ठलाई जनही दुई लाख रूपैयाँ प्रदान गरेको थियो। कार्यक्रम सफल बनाउन आर्थिक सहयोग गर्ने सबैलाई कदर पत्र प्रदान गरिएको थियो। कार्यक्रममा संघका संस्थापक अध्यक्ष स्व. महेन्द्र सेरचन, पूर्वअध्यक्ष स्व. सोमलाल बटाजु, निवर्तमान अध्यक्ष स्व. विष्णुप्रसाद गैरे तथा विभिन्न समयमा मृत्यु भएका व्यवसायीहरुप्रति श्रद्धाञ्जली व्यक्त गरिएको थियो। संघका अध्यक्ष राजेन्द्र भण्डारीको सभापतित्वमा सम्पन्न कार्यक्रमको सञ्चालन महासचिव मेघनाथ भुर्तेलले गरेका थिए।

### ३ सय ४९ जनाद्वारा रक्तदान

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले आफ्नो ३१औं स्थापना दिवसका अवसरमा आयोजना गरेको रक्तदान कार्यक्रममा ३ सय ४९ जनाले रक्तदान गरेको संयोजक सोमबहादुर लामाले जानकारी दिए। आइतबार बिहान ८ बजेदेखि शुरु भएको रक्तदान कार्यक्रम दिउँसोसम्म चलेको थियो। संस्थागतरूपमा हुने रक्तदान कार्यक्रममा बढीमा साढे दुई सय जनासम्मले रक्तदान गर्ने गरेकोमा संघले आयोजना गरेको रक्तदान कार्यक्रममा ३ सय ४९ जनाले रक्तदान गर्नु ऐतिहासिक भएको बताइएको छ।

## रिभर...

बाँकी रहँदै हालसम्मको विवरण सार्वजनिक गरेको हो। म्यानपावर कम्पनी नवीकरण प्रयोजनका लागि उक्त सूची सार्वजनिक गरिएको बताइएको छ।

विभागका अनुसार ५ हजार १२ जना कामदार पठाएको द रिभर ओभरसिज प्रा.लि. सूचीको पहिलो नम्बरमा रहेको छ। दोस्रोमा रहेको इन्टरनेशनल म्यानपावर रिक्रुटमेन्ट प्रा.लि.ले ५ हजार २ जना, तेस्रो स्थानमा रहेको वाइडस्पेश इन्टरनेशनल प्रा.लि.ले ३ हजार ९ सय २० जना पठाएको छ।

वैदेशिक रोजगार विभागका अनुसार सूचीको चौथोमा रहेको निलकमल ह्युमन रिसोर्सेज प्रा.लि.ले ३ हजार ६ सय ४१ जना, पाँचौंमा रहेको एक्सेस पार्टनर्स प्रा.लि.ले ३ हजार ४ सय २८ जना, छैटौंमा रहेको मोन्टेज ओभरसिज प्रा.लि.ले ३ हजार ३ सय ९८ जना पठाएको छ। सूचीको सातौं नम्बरमा रहेको मेरिडियन ओभरसपज प्रा.लि.ले ३ हजार ३ सय ३९ जना, आठौं नम्बरको एसओएस ओभरसिज प्रा.लि.ले ३ हजार २ सय ९६ जना, नवौं नम्बरको मास ह्युमन रिसोर्स प्रा.लि.ले ३ हजार १ सय १५ जना, दशौं स्थानमा रहेको फ्रन्टलाइन रिक्रुटमेन्ट प्रा.लि.ले २ हजार ८ सय ८६ जना, एघारौं स्थानमा रहेको ओमेगा इन्टरनेशनल प्रा.लि.ले २ हजार ६ सय ५४ जना, बाह्रौं नम्बरको साउण्ड लाइन्स रिक्रुटमेन्ट प्रा.लि.ले २ हजार ५ सय ९७, तेह्रौं नम्बरको लक्की एचआर सोलुसन प्रा.लि.ले २ हजार ५ सय १७ जना, चौधौं नम्बरको बिएस ओभरसिज प्रा.लि.ले २ हजार ३ सय ७६ जना, पन्ध्रौं नम्बरमा रहेको मुस्कान ओभरसिज प्रा.लि.ले २ हजार ३ सय ३२ जना पठाएको छ।

सूचीको सोह्रौं नम्बरमा रहेको पाल्ही ओभरसिज प्रा.लि.ले २ हजार २ सय ५६ जना, सत्रौं नम्बरको दित्या इन्टरनेशनल प्रा.लि.ले २ हजार २ सय २३ जना, अठारौं नम्बरको ट्रष्ट नेपाल ओभरसिज प्रा.लि.ले २ हजार २ सय ८ जना, उन्नाइसौं नम्बरको एयर किंग्स प्लेसमेन्ट प्रा.लि.ले, २ हजार २ सय ३ र बिसौं नम्बरमा रहेका काबेली ह्युमन रिसोर्स प्रा.लि. र मिनवा रिक्रुटमेन्ट एचआर प्रा.लि.ले समान २ हजार १ सय २३ पठाएका छन्।

एक्काइसौं नम्बरको लिंक इन्टरनेशनल प्लेसमेन्ट प्रा.लि.ले २ हजार ८० जना, बाइसौं नम्बरमा रहेको लाइफ इन्टरनेशनल ओभरसिज प्रा.लि.ले २ हजार ५३ जना, तेइसौं नम्बरको प्याराडाइज इन्टरनेशनल प्रा.लि.ले १ हजार ९ सय ८२ जना, चौबिसौं नम्बरको देवान कन्सल्ट्यान्स प्रा.लि.ले १ हजार ९ सय ७० जना र पच्चीसौं नम्बरमा रहेको स्वीफ्ट एचआर सोलुसन प्रा.लि.ले १ हजार ९ सय ३६ जना पठाएका छन्।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनीको दर्ता खारेज गरिएको सूचना
यस कार्यालयमा मिति २०७२/११/२३ मा दर्ता भएको **प्रा.लि. नं. १४६२६७** को **वेलकम ब्यूटि पार्लर प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०३/०८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) को बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

मलेसियामा रोजगार | कम्पनी: Inas Security Services And Consultancy Sdn Bhd
शहर: MALAYSIA
पूर्व स्वीकृत मितिः २०६९/०३/१५ चलानी नं.: ६०१८२१५९ LT. No.: 266267 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब MR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 4 | 0 | स. काममा दक्ष | 1500 | ४२,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८०/०३/२५ गते (July 10 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

Kanchanjunga Overseas Pvt. Ltd. Govt. Lic. No. 582/062/063
Gyankunja Marga, Shantinagar, Kathmandu, Tel.: 4621331, 4621332
E-mail : kanchanjungha582@gmail.com, Web.: www.kanchanjunghaoverseas.com

# ‘जनताको प्रिय बन्न इमान्दारिताका साथ काम गर्न आवश्यक’

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, १७ असार




ललितपुर महानगरपालिकाका प्रमुख चिरीबाबु महर्जनले इमान्दारिताले काम गरे जनप्रतिनिधि जनताको प्रिय बन्न सक्ने बताएका छन् । ललितपुर महानगरपालिकासँगको सहकार्यमा तराई विकास तथा सञ्चार केन्द्र नेपालले आइतबार ललितपुरमा आयोजना गरेको ‘सुशासन र सेवा प्रवाहमा स्थानीय तहको भूमिका’ विषयक अन्तरक्रियामा प्रमुख अतिथि महर्जनले सो कुरा बताएका हुन् ।

उनले भने ‘मैले कसैलाई काखापाखा गर्न चाहन्न, नगरप्रमुखको हैसियमा हुँदा म सबै दललाई बराबर ठान्छु, जनताले पनि काम हेर्छन् पार्टी हेर्दैनन् ।’

उनले ललितपुर महानगरको नाम ‘वर्ल्ड हेरीटेज’मा रेकर्ड भएको जानकारी गराए । अन्य पालिकाभन्दा पृथक र छरितो तरिकाको विकासले ‘वर्ल्ड हेरीटेज’मा नाम रेकर्ड गर्न सफल भएको उनको भनाइ छ ।

उनले महानगर आधुनिक पालिकाको रुपमा विकसित भइरहेको दाबी गरे । युवालाई आकर्षित गर्न सक्ने योजना तर्जुमा भएको जानकारी गराउँदै उनले युवालाई नै लक्षित गरी स्ट्रिड फुडका लागि विशेष प्रकारको गाडीको व्यवस्था गर्ने रणनीति रहेको बताए ।

उनले भने, ‘हामीले गाडीमै होटेल सञ्चालन गर्ने सोच बनाएका छौं । जसबाट हामी प्रत्यक्ष रुपमा भान्छेसँग जोडिन्छौं र सफा खाना खान पनि पाउँछौं ।’ प्रमुख महर्जनले विकास निर्माणका कार्यमा सुरक्षालाई प्राथमिकता दिइ कार्य गर्नुपर्नेमा जोड दिए ।

मेयर महर्जनले नगरपालिकामा सुशासन कायम गराएकै कारण जनताले आफूलाई दोस्रो पटक भारी मतले निर्वाचित गराएको बताए । उनले भने, ‘०७४ सालको निर्वाचनमा म भिनो मतले निर्वाचित भएको थिएँ । तर, २०७९ वैशाखमा सम्पन्न भएको निर्वाचनमा मलाई १८ हजार बढी मतले विजयी गराए । यो मत मैले महानगरपालिकामा सुशासन कायम गराएको र कसैलाई काखा र कसैलाई पाखा नगरि काम गरेकै कारण पाएको हुँ ।’

कार्यक्रममा महालेखा परीक्षकको कार्यालयकी कार्यवाहक महालेखापरीक्षक राममाया कुँवरले महालेखा परीक्षकले गरेको लेखा परीक्षणको सम्पूर्ण गतिविधि कार्यालयको वेवसाइटमा राखिएकाले जोकोहीले पनि लेखा परीक्षणसम्बन्धी प्रतिवेदन हेर्न सकिने व्यवस्था गरिएको बताइन् ।

०७४/७५ देखि २०७९/८० सम्मको लेखा परीक्षण गर्दा अनियमितता तथा भ्रष्टाचार व्याप्त रहेको जानकारी गराउँदै कावा महालेखापरीक्षक कुँवरले पालिकाले सुधार गर्नुपर्ने व्यहोरा समेत उल्लेख गरिएको बताइन् ।

महालेखा परीक्षककले स्थानीय तहदेखि सम्पूर्ण सरकारी कार्यालयहरुमा सुशासन कायम गराउन ‘वाच डग’को भूमिका निर्वाह गरिरहेको उनको भनाइ छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रवक्ता एवं सहसचिव भोला दाहालले अख्तियार ०७८/८९ मा कुल २४ हजार ३३१ उजुरी परेको जसमध्ये १७ हजार १६७ उजुरी परेको जसमध्ये १ सय ३१ वटा उजुरी सम्मानित विशेष अदालतमा मुद्दा दायर भएको जानकारी गराए भने सुशासनको सन्दर्भमा एक महत्वपूर्ण पेपर प्रस्तुत गरेका थिए ।

राष्ट्रिय सतर्कता केन्द्रका निमित्त सचिव विनु बज्राचार्य कुँवरले सतर्कता केन्द्रले आफ्नो क्षेत्राधिकार र दायराभित्र रहेर उजुरी संकलनलाई प्रभावकारी बनाइएको बताइन् । उनले भनिन्, ‘प्रत्यक्ष उजुरी संकलन, अनलाइन र इमेल मार्फत उजुरीको आधारमा उजुरी दिने र सोही उजुरीको आधारमा सतर्कता केन्द्रले कारबाही प्रक्रिया अगाडि बढाइरहेको छ ।’

केन्द्रले भ्रष्टाचार निवारण ऐन २०५९ टेकेर काम कारबाही गरिरहेको जानकारी गराइन् । उनले भने, ‘सूचना संकलन, सतर्क गराउने, सम्पत्ति विवरणको जानकारी राख्ने, छड्के जाँच गर्ने, प्राविधिक परीक्षण गर्ने र जनेचतनाको काम कारबाही तीव्र गतिमा अगाडि बढिरहेको छ ।’

ललितपुर महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत गणेश अर्यालले स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतहरुलाई अख्तियार र महालेखा परीक्षकको कार्यालयकै कारण काम गर्ने वातावरण नभएको बताए । कर्मचारीहरु काम गर्न कार्यक्षेत्रमा जाँदै गर्दा उसले कदमै पिच्छे अख्तियारलाई सम्भनुपरेपछि कर्मचारीको मनोबल खस्किने भन्दै अख्तियार असली वाच डगको रुपमा रहोस् भन्नेमा जोड दिए ।

कार्यक्रममा काठमाडौंका प्रजिअ घनश्याम उपाध्याय, ललितपुरका रुद्र प्रसाद पण्डित र भक्तपुरका प्रजिअ खगेन्द्र प्रसाद रिजालले सुशासनको पक्षलाई बलियो बनाउनुपर्नेमा जोड दिएका थिए ।

तराई विकास तथा सञ्चार केन्द्रका अध्यक्ष गोविन्द प्रसाद चौलागाईंको अध्यक्षतामा भएको कार्यक्रममा ललितपुर महानगरकी उपप्रमुख मञ्जली शाक्य बज्राचार्य, महालेखा परीक्षकको कार्यालयका उपमहालेखा परीक्षक विन्दु विष्ट, नायब महालेखा परीक्षक शंकर प्रसाद पन्थी, श्याम प्रसाद भण्डारी, ललितपुर जिल्लाका वरिष्ठ प्रहरी उपरीक्षक सिद्ध विक्रम शाहलगायत उपत्यकाका विभिन्न नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत, योजना अधिकृत, लेखा अधिकृत लगायत सञ्चारकर्मीहरुको उपस्थिति रहेको थियो ।

# अन्तरजातीय विवाह गरेको चार दिनपछि केटाको घरमा आगलागी

**सरिता पराजुली/मध्यान्ह**
जुम्ला, १७ असार



जुम्लाको तातोपानी गाउँपालिका-४ गिडिखोलाको एक घरमा आगलागी भएको छ । आगलागीबाट लत्ताकपडाहरु, भाँडाकुडाहरु जलेर नष्ट भएका छन् ।

स्थानीयका अनुसार तातोपानी ४ का भरत नेपालीको घरमा आइतबार बिहान ४ बजेदेखि आगलागी भएको हो । गत साता भरतका भाइ मुकुन्दले गैरदलित समुदायकी केटी भगाएर घरमा ल्याएका थिए ।

केटीका आफन्तहरुले नै घरमा आगो लगाएको नेपाली परिवारले आरोप लगाएका छन् । मुकुन्दले केटी ल्याएको चार दिनपछि घरमा आगो लागेको उनका माइला दाइ भरत नेपालीले बताए । ‘भाइले अन्तरजातीय बिहे गर्नु र त्यसको चार दिनपछि आगो लाग्नु संयोग नभएर योजना हो’उनले भने, ‘यो काम केटी पक्षका दाइले गराएको भनी किटानी दिने तयारी गरेका छौं ।’

तातोपानी गाउँपालिका -४ गिडीखोलाका मुकुन्द नेपालीले स्थानीय बसन्ती गिरीसँग भागेर गएको साता बिहे गरेका थिए । २० वर्षीय मुकुन्दले उमेर नखुलेकी उनै युवती बसन्तीसँग प्रेमपछि अन्तरजातीय विवाह गरेको स्थानीयहरू बताउँछन्। केटी पक्षका अनुसार हाल उनीहरू बाँके जिल्लामा छन् ।

बसन्तीले मुकुन्दसँग भागेर विवाह गरेलगतै आफूहरू बाँके आएको आफन्तलाई फोनमा भनेकी थिइन् । आगलागीबाट तीन तलाको घर जलेर पूरै नष्ट भएको हाकु प्रहरी चौकीका इन्चार्ज राजेन्द्र गिरीले बताए ।

‘घर आगलागी भएको कुरा जिल्ला प्रहरी कार्यालयबाट आएपछि हामी त्यहाँ पुगेका हौं,’ इन्चार्ज गिरीले भने, ‘क्षतिको विवरण भने आउन बाँकी रहेको छ ।’ घटनाको अनुसन्धान भइरहेको इन्चार्ज गिरीले बताए । दलित केटाले गैरदलित केटी भगाएको भन्दै घरमा आगजनी गरिएको भन्दै गाउँमा सर्वत्र विरोध हुन थालेको छ ।

# कोरी कल्याण समाज बाँकेको अध्यक्षमा पुनः माधवदास चयन

**पवन जायसवाल/मध्यान्ह**
बाँके, १७ असार



कोरी कल्याण समाज जिल्ला कार्य समिति बाँके नेपालगन्जले आफ्नो प्रथम वार्षिक साधारण सभा सम्पन्न गरेको छ । अध्यक्ष राम शंकर माधवदासको अध्यक्षतमा तथा भारत उत्तर प्रदेश लखनऊका कोरी कल्याण समाजका अध्यक्ष बृजेश कुमार कौलिकको प्रमुख आतिथ्यमा साधारणसभा सम्पन्न गरेको हो । कार्यक्रममा कोरी कल्याण समाज जिल्ला कार्य समिति बाँकेका उपाध्यक्ष जंगली प्रसाद कोरी (जे.पी.) द्वारा सञ्चालित कार्यक्रममा प्रमुख अतिथि बृजेश कुमार कौलिक, विशिष्ठ अतिथि लुम्बिनी प्रदेशका कृषि तथा भूमि व्यवस्था मन्त्री भण्डारीलाल यादवले प्रथम वार्षिक साधारण सभाको सफलताको शुभकामना व्यक्त गरेका थिए । सो कार्यक्रममा प्रमुख अतिथि, विशिष्ठ अतिथि र समाजका अध्यक्षले समाजका २० जना स्वजातीय बन्धुहरुलाई आजीवन सदस्यता प्रमाण-पत्र र ५० जना स्वजातीय बन्धुहरुलाई साधारण सदस्यता प्रमाण-पत्र प्रदान गरेका थिए । सो कार्यक्रममा कोरी कल्याण समाजको भेलाले नयाँ कार्य समितिको चयन गरेको छ । समाजको अध्यक्षमा पुनः रामशंकर माधवदासको अध्यक्षतामा ११ सदस्यीय जिल्ला कार्य समितिको सर्वसम्मतले चयन गरेको छ ।

समाजको उपाध्यक्ष पदमा जंगली प्रसाद कोरी (जे.पी.), सचिवमा मिश्रीलाल कोरी, कोषाध्यक्षमा राम बेलास कोरी, सह-सचिवमा मनोज कोरीलाई सर्वसम्मतले चयन गरेको छ । यसरी समाजको सदस्यहरुमा भल्लु कोरी, राम नारायण कोरी, राम बिलास कोरी, रामसेवक कोरी, सल्यानी कोरी, कृष्ण गोपाल कोरीलाई सर्वसम्मतले चयन गरिएको छ । सो कार्यक्रममा २ सय ७५ जना कोरी कल्याण समाजका स्वजातीय बन्धुहरुको सहभगिता रहेको समाजका उपाध्यक्ष जंगली प्रसाद कोरी (जे.पी.) ले बताए ।

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७६/११/१८ मा दर्ता भएको **प्रा.लि. नं. २३५६१५** को **उत्तम रियल स्टेड प्रा.लि.**को मिति २०८०/०२/२२ गतेमा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७, ठेगाना : बबरमहल, काठमाडौं**
**फोन नं. ९७४६४९१७१३, ईमेल** : rokayasherbahadur723@gmail.com

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७६/०८/०६ मा दर्ता भएको **प्रा.लि. नं. २२८८२१** को **वर्क हक प्रा.लि.**को मिति २०८०/०२/२२ गतेमा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७, ठेगाना : बबरमहल, काठमाडौं**
**फोन नं. ९७४६४९१७१३, ईमेल** : rokayasherbahadur723@gmail.com

**प्रदेश सरकार**
**उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय**
**प्रदेश वन निर्देशनालय**
**डिभिजन वन कार्यालय, दैलेख**
**कर्णाली प्रदेश नेपाल**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मितिः- २०८०/०३/१८**

डिभिजन वन कार्यालय, कर्णाली प्रदेश नेपाल, दैलेखबाट मिति २०८०/०१/२६ गते राजधानी राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार दर्ता भएका बोलपत्रदाताहरुमध्ये मूल्याङ्कन समितिको निर्णय अनुसार तालिकामा उल्लेखित बोलपत्रदाताको बोलपत्र सारभूतरुपमा प्रभावग्राही देखिएको हुँदा स्वीकृतिको लागि सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ र ४७ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ ।

| बोलपत्र नं. | कामको नाम | बोलपत्र दाताको नाम | कबोल अंक रु (मु.अ.कर सहित) |
|---|---|---|---|
| DFO/Dailekh/Works /NCB/01/079-80 | आर सि सि फ्रेम स्टक्चर कार्यालय भवन निर्माण कार्य । | आर वि कस्ट्रक्सन दैलेख । | 2,83,43,691.36 |

**डिभिजनल वन कार्यालय**

**हार्दिक बधाई तथा शुभकामना**
**नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि.**
NATIONAL MICROFINANCE LAGHUBITTA BITTIYA SANSTHA LTD.
(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्था)
Nilkantha-3,Dhadhingbesi, Dhadhing, Nepal
Phone : 010-520876,520761 Fax : 010-520904
Email : info@nationalmicrofinance.com.np
दशौं बर्षमा प्रवेश
सफलतापूर्वक आफ्नो कार्यकालको **नवौं** वर्ष पुरा गरी **दशौं** वर्षमा प्रवेश गरेको सुखद उपलक्ष्यमा उत्तरोत्तर प्रगतिको लागि **हार्दिक बधाई तथा शुभकामना** व्यक्त गर्दछौं ।

NIMB
P.O. Box: 3412, Head Office: Durbarmarg, Kathmandu, Nepal.
Tel: 4228229, Fax: (977-1) 4226349
Email: info@nibl.com.np
SWIFT ADDRESS: NIBL NP KT
Website: www.nibl.com.np

HBL Himalayan Bank Ltd.
Corporate Office,
Kamaladi, Kathmandu.
P.O.Box: 20590
Tel: +977-1-4227749 FAX: +977-1-4222800
Email: himal@himalayanbank.com
URL: http://www.himalayanbank.com
Branch Office: DhadingBesi,Ph.: 010-521110/521111

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक
Kamaladi, Kathmandu, Nepal
P.O. Box: 19327
Phone No: +977-1-4226247+977-1-4228671
Fax: +977-1-4228036
Email: info@gibl.com.np
Branch Office: Galchhi, Ph.: 010-403172/73

prabhu bank
Head Office, Babarmahal, Kathmandu
Tel. No:+977-1-4788500
SWIFT: PRVUNPKA|www.prabhubank.com
Branch Office: DhadingBesi,Ph.: 010-521008,521009

Sanima Bank
पो.ब.नं.: २०३९४, 'अलकापुरी', नक्साल, काठमाडौं
फोनः +९७७-१-४४२८९७९
फ्याक्सः +९७७-१-४४२८९६९
ईमेलः sanima@sanimabank.com
Branch Office: Dhading Besi, Ph.: 010-520967

Siddhartha Bank
Corporate Office: Hattisar, Kathamndu
P.O. Box: 13806, Tel: 4442919, 4442920, Fax: 4442921,
SWIFT-SIDDNPKA,Telex: 2757SBL NP, E-mail: sbl@siddharthabank.com
Website: www.siddharthabank.com
Branch Office: Dhading besi, Ph.: 010-520093/520180

महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
केन्द्रीय कार्यालयः दरबारमार्ग, काठमाडौं, नेपाल
फोन नं: ५३६८७१९, ५३६८७२०, फ्याक्स: ५३६९३०८
E-mail: info@mahalaxmibank.com.np
Website: www.mahalaxmibank.com
Branch Office: Dhading besi, Ph.: 010-521044/45

Nepal Finsoft Company Ltd.
Sanepa, Lalitpur
Ph.: 01-4513980

सलिको SALICO
सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लिमिटेड
SAGARMATHA LUMBINI INSURANCE COMPANY LIMITED

NepalRemit INTERNATIONAL PVT LTD
नेपालरेमिट
Toll Free No.: 1660-01-68800
www.nepalremit.com

PRABHU Money Transfer
Toll Free No.: 1660-01-44444
www.prabhumoneytransfer.com.np

MARCH

**JAPAN र KOREA मा काम गर्न जान लाग्नुभएको छ ?**

यहाँ JAPAN र KOREA **मा काम गर्न जाने नेपाली श्रमिकहरुका लागि विशेष दुईदिने ओरियन्टेशन क्लासका साथै मेडिकल जाँच पनि गरिन्छ ।**

Kathmandu Orientation (P) Ltd.
Nippon Medical Center (P) Ltd.
नयाँ बसपार्क, माछापोखरी चोक, काठमाडौं
**सम्पर्क**: 01-4958923 / 01-4952044
**मो**: 9741818340 ( WhatsApp/Viber )

**साउदीमा रोजगार** | कम्पनी : Afridi Builders Branch Co
शहर : RIYADH

पूर्व स्वीकृत मितिः २०७९/०८/२० चलानी नं.:६०१९२८२३ LT. No.:277270 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour Loading And Unloading | 2 | 0 | स. काममा दक्ष | 1400 | ४८,८८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८०/०३/२५ गते (July 10 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोर्ने | कामदारले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले व्यहोर्ने | रु. १,५००/- रोजगारदाता व्यहोर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्भौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**क्याराभान इम्प्लोइमेन्ट सर्भिसेस प्रा. लि.** श्रम इजाजत नं. ३६३/०५९/०६०
बसुन्धारा, काठमाडौं, फोन: ०१-४०१६९९१, ४०१६९९२
E-mail: caravanwithyou@gmail.com| Website: www.caravannepal.com

**साउदीमा रोजगारको अवसर** | कम्पनी: AHMED AND MUTTAB SAUD AL-SINAN CO. & PARTNERS
शहर : Saudi Arabia

पूर्व स्वीकृत मितिः २०८०/०३/१७ चलानी नं.: ६०१७१९६७ L.T. No.: 255482

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ordinary Factor | 18 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३४,९२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Road Equipment Drive | 12 | 2 | | 2000 | ६९,८४० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८०/०३/२५ गते (July 10 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्भौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफु सद्रग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत नं. ४४९/०६०/०६१
**Quality International Overseas Consultancy Co. (P.) Ltd.**
Samakhusi-03, Ranibari, Kathmandu, **Tel:- 01-4385950, Mob: 9843759645, 9803159430**
**E-mail:** Qualityintlr@gmail.com, Qiocc2000@yahoo.com

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara,
Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
www.madhyanhadaily.com
१८ असार २०८०, सोमबार
3 July 2023, Monday

## सम्पादकीय

### प्रकोप न्यूनीकरणको विकल्प

केही दिन यता लगातार वर्षा हुँदा मुलुकको विभिन्न क्षेत्र प्रभावित बनेको छ । वर्षाका कारण पहिरो जाँदा देशभरका विभिन्न सडकखण्ड अवरूद्ध हुन पुगेको छ । सडक अवरोध भएकाले राजधानी उपत्यकासँग अरू क्षेत्रको सर्म्पक प्रभावित बनेको छ । असारको दोस्रो सातासम्मको विवरण हेर्दा कोशी प्रदेश सवैभन्दा बढी बाढी पहिरोबाट पीडित बन्न पुगेको छ । बाढी र पहिरोमा परी मृत्यु हुने र बेपत्ताको संख्या बढिरहेको छ । बेपत्ताको खोजी भइरहेकाले मानवीय क्षतिको एकीन विवरण आउन सकेको छैन । मानवीय क्षति पूर्वी नेपाल भएर पश्चिमतिर सर्दै गएको देखिन्छ । अत्याधिक बर्षाका कारणले बर्षेनि मानवीय क्षति हुनु हाम्रो नियति जस्तै बनेको छ । नेपाल जस्तो भौगोलिक बनोटमा अवस्थित छ, त्यसले एउटै प्रकृतिको प्रकोप मात्रै खेप्नु परिरहेको छैन ।

नेपालको भूबनोट हिमाल, उच्च पहाड र समथर भूमि भएकाले फरकफरक प्रकृतिको प्रकोप खेप्नु खेप्दै आएका छौं । हिमालमा हिम पहिरो, उच्च तथा पहाडी क्षेत्रमा पहिरो र बाढी अनि समथर भू–भागमा डुबानको समस्या आइलाग्ने गरेको छ । बर्षायाममा बाढी, पहिरो र डुबान एकैपटक आइलाग्ने गरेको छ । तराई मधेशका जिल्लाहरूमा डुबानले मानवीय र भौतिक क्षति पुग्ने गरेको छ । पहाडी क्षेत्रको पहिरोमा परी उस्तै खाले क्षति मुलुकले खेप्नु परेको छ । केही दिन यताको अविरल बर्षाले राजधानी आसपासका सडक अवरूद्ध हुन पुगेको छ । सरकारले अवरूद्ध मार्ग हटाउने, प्रकोपमा परेकालाई उद्धार गर्ने र पीडितलाई पुनर्स्थापनामा जोड दिइरहेको जानकारी दिदै आएको छ ।

तर सरकारले नागरिकको जीवन रक्षा र सञ्चालनका निम्ति बर्षेनि अपनाउने शैली भन्दा पृथक अभ्यास ठोस् रूपमा गर्न भने सकेको देखिदैन । जस्तो–पहिरोबाट उद्धार र पुनःसञ्चालन गर्नु सरकारको नियमित कार्य बन्ने गरेको छ । तर पहिरो नजाने सडक निर्माणतिर आवश्यक ध्यान जाने गरेको देखिदैन । त्यसैपनि प्रकोप टार्ने सकिदैन, तर न्यूनिकरण गर्न अवश्य सकिन्छ । त्यो भनेको विकास निर्माणका काम गर्दा पर्यावरणीय पक्षलाई आवश्यक ध्यान दिने हो । तर अहिले तीनै तहका सरकारबीच विकासे काममा पर्यावरणलाई ध्यान दिएको पाइदैन । त्यसको परिणाम बाढी, पहिरो र डुबानको समस्या झनै बिकराल बन्दै जानु हो । अतः संकटमा परेका बेला विकल्प सोच्ने भन्दा पनि अरूबेला त्यसतर्फ ध्यान दिनेगरी कदम चाल्न आवश्यक छ ।

सन्दर्भः गुरु पूर्णिमा

# सद्‌गुरुको खोजी

*ज्ञान, कर्म, भक्तिको संयोगले मानव जीवन सार्थक पार्न गुरु शरण, चरण, ग्रहण गर्नैपर्ने हुन्छ । भोगले सांसारिक शोक पैदा हुन्छ । योगले भवरोग, भवबन्धनबाट छुट्टी मिल्छ । यी साधनाहरुको मार्ग प्रशस्त गर्ने काम पनि गुरूबाटै सम्भव छ ।*

अग्रलेख




● अच्युतप्रसाद पौडेल 'चिन्तन'

